**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०७ फरवरी २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- भारत र अमेरीकाले अंतरिम व्यापार समझौता फ्रेमवर्क तैयार  गरेको घोषणा गरेको छ। प्रधानमंत्री नरेंद्र मोदीले फ्रेमवर्कलाई सुखद बताउनुभएको छ।

- पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण अन्तर्गत दाबी अनि आपत्तिहरुमा सुनवाईको समयसीमा आज समाप्त भएको छ।

- राज्यको 17 औ विधानसभाको अंतिम सत्र आज समाप्त भयो।

- भारतिय जनता पार्टी दार्जिलिङ जिल्ला कमिटीले आज दार्जिलिङको चौक बजारमा पार्टी कार्यालय स्थापना गरेको छ|

- नेपाली अनि बॉलीवुड अभिनेता सुनील थापाको 68 वर्षको उमेरमा कार्डियक अरेस्टले निधन भएको छ।

**भारत-अमरीका समझौता**

भारत र अमेरीकाले अंतरिम व्यापार समझौता फ्रेमवर्क तैयार  गरेको घोषणा गरेको छ।जुन दुवै देशका लागि लाभकारी हुनेछ। वाणिज्य तथा उद्योग मन्त्रालयले भारत-अमेरिका संयुक्त विज्ञप्ति साझा गरेको छ, जसमा भनिएको छ,यो फ्रेमवर्कले अमेरिका-भारत व्यापार सम्झौता वार्ताप्रति दुवै देशको प्रतिबद्धतालाई दर्शाउँदछ। यस वार्ताको शुरुआत गत वर्ष 13 फरवरी मा प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले गर्नु भएको थियो।यसमा बजारलाई थप खुला गर्ने तथा अधिक लचिलो आपूर्ति शृङ्खलाहरूलाई समर्थन गर्ने  विषय सामेल छन्। यो अन्तरिम सम्झौता दुई देशहरू बीचको साझेदारीमा एक प्रमुख उपलब्धि हो र यसले सन्तुलित व्यापार प्रति साझा प्रतिबद्धतालाई प्रदर्शित गर्नेछ।साझा वक्तव्यमा भनिएको छ , भारतले अमेरिकाका सबै औद्योगिक, खाद्य र कृषि उत्पादहरूमा शुल्क हटाउने छ अथवा कम गर्नेछ।   अमेरिकाले केही भारतीय विमान र एयरोस्पेस पुर्जामा पनि शुल्क हटाउनेछ।दुवै देशले आपसी हितका क्षेत्रहरूमा आफ्ना बजारमा प्राथमिकता पहुँच प्रदान गर्न पनि सहमत भएका छन्। भारत र अमेरिकाले दुवै देशको लाभ सुनिश्चित गर्दै उद्गम देशको नियम लागू गर्नेछन्।दुई देशले गैर-शुल्क बाधाहरूलाई समाधान गर्नेछन्। भारतले अमेरिकी चिकित्सा उपकरण, खाद्यान्न र कृषि उत्पादहरूमा कारोबार संबंधी बाधाहरूको समाधान गर्न पनि सहमति जनाएको छ। भारतले आगामी पाँच वर्षमा अमेरिकाबाट पाँचसय अर्ब डलरको ऊर्जा उत्पाद, विमान र विमानका पुर्जा, बहुमूल्य धातु, प्रविधि उत्पाद र कोइला ख़रीद गर्नेछ। दुवै देश डिजिटल कारोबारसित सम्बन्धी भेदभावपूर्ण बाधाहरुको पनि समाधान गर्नेछन्।संयुक्त विज्ञप्तिमा भारत र अमेरिकाले अन्तरिम सम्झौतालाई अन्तिम रूप दिन काम गर्ने  छन् जसले दुवै पक्षलाई फाइदा हुने पनि भनिएको छ।

प्रधानमंत्री नरेंद्र मोदीले भारत-अमरीका अंतरिम व्यापार समझौता फ्रेमवर्कलाई सुखद बताउनुभएको छ। यसैगरी वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभयो, भारत-अमरीका अंतरिम व्यापार समझौता अंतर्गत भारतीय निर्यातमा लाग्ने 50 प्रतिशत पारस्परिक शुल्क घटेर अब 18 प्रतिशत भएको छ।

**राज्यमा sir**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण अन्तर्गत दाबी अनि आपत्तिहरुमा सुनवाईको समयसीमा आज

समाप्त भएको छ। तथापि, लगभग 15 विधानसभा क्षेत्रमा यस प्रक्रियालाई पूरा गर्नका लागि निर्धारित समय सीमामा दुई दिनको बढ़ोतरी गरिने संभावना छ। सूत्र अनुसार, यो 15 विधानसभा क्षेत्र मुख्य रूपले तीन निर्वाचन जिल्लाहरु अल्पसंख्यक बहुल मालदा, तटीय दक्षिण 24 परगना अनि कोलकाता उत्तरमा स्थित छ। संबंधित जिल्लाका जिल्ला निर्वाचन अधिकारिहरुले समयसीमा बढ़ाउने औपचारिक अनुरोध राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवाललाई पठाइएको छ। हिज बेलुकीसम्म, सुनवाईमा उपस्थित नभएका कारण चार लाख भन्दा अधिक मतदाताहरुलाई अंतिम मतदाता सूचीबाट हटाउनका लागि चिन्हित गरिएको छ ।

यी मध्ये लगभग 50 हजार अनमैप्ड मतदाता छ, जबकि लगभग तीन लाख 50 हजार मामिला तार्किक विसंगतिसित सम्बन्धित छ। अंतिम सूची जारी भएपछि भारत निर्वाचन आयोगको पूर्ण पीठले पश्चिम बंगालको भ्रमण गरी स्थितिको समीक्षा गर्नेछ। त्यसपछि यस वर्ष हुने विधानसभा चुनावको मतदान तिथिहरुको घोषणा गरिनेछ। यसै बीच, विशेष गहन पुनरीक्षणसित सम्बन्धित मामिलामा सोमवार सुप्रीम कोर्टको तीन न्यायाधीशहरुको पीठमा अहम सुनवाई प्रस्तावित छ।

**पश्चिम बंगाल विधानसभा**

पश्चिम बंगालमा आगामी वित्तीय वर्षको पहिलो चार महीनाको अंतरिम बजटमा ध्यान केंद्रित गर्दै 17 औ विधानसभाको अंतिम सत्र आज समाप्त भएको छ। आगामी चुनावभन्दा अघि आज विधायी कार्यवाहीको पनि समापन भएको छ। विधानसभाले यस सत्रमा धैरै विधेयकहरु पारित गरे, अनि अंतिम सत्र मुख्य रूपले बजटीय चर्चाहरु, नीतिगत समीक्षाहरु अनि आगामी विधानसभाको तैयारिहरुमा केंद्रित रह्यो। राज्यमा यस वर्ष मार्च-अप्रैलमा चुनाव हुने संभावना छ। मुख्यमंत्री ममता बनर्जीको नेतृत्वमा 17 औ विधानसभा मई 2021 देखि शुरु भएको थियो। विपक्षका नेतृत्व भारतीय जनता पार्टीले गर्यो, जसमा सुवेंदु अधिकारी विपक्षका नेता थिए।

आगामी चुनावमा तृणमूल कांग्रेसले लगातार चौथो पल्ट सत्तामा आउने प्रयास गर्नेछ, जबकि भाजपा अनि अन्य विपक्षी दल तृणमूललाई चुनौती दिने तयारी गरिरहेका छन्।

**अग्निमित्रा पॉल बिरुद्ध विशेषाधिकार**

पश्चिम बंगाल विधानसभाको बजट सत्रको अंतिम दिन आज सत्तापक्षले भारतीय जनता पार्टी (भाजपा) विधायक अग्निमित्रा पॉल बिरुद्ध विशेषाधिकार हननको प्रस्ताव पेश गरेको छ। यो प्रस्ताव हिज सदनमा उनीले दिएको एक बयानका कारण ल्याइएको हो , जुन बयानमा अल्पसंख्यक समुदायको भावनालाई आहत पुराउने खालको बताईएको छ|
आज राज्यका कृषि एवं संसदीय कार्य मंत्री शोभनदेब चट्टोपाध्यायद्वारा अग्निमित्रा पॉल बिरुद्ध प्रस्ताव पेश गरिनु बितिकै, भाजपा विधायकहरुले व्यापक विरोध शुरू गरे। भाजपा विधायक मिहिर गोस्वामी भन्नुभयो यो प्रस्ताव अल्पसंख्यक समुदायसित सम्बन्धित कतिपय मंत्रिहरुको दबावमा गरिएको कदम हो।
भाजपा विधायकहरुले विरोध प्रदर्शन गर्दै सदनबाट वॉकआउट गरे| सदन बाहिर पनि उनीहरुले प्रदर्शन जारी राखे। ज्ञात रहोस विधायक अग्निमित्रा पॉलले हिज राज्य बजेटको आलोचना गर्दै मदरसाहरुका लागि बजटीय आवंटनले राष्ट्रविरोधी तत्वहरुलाई टेवा पाउने आशंका जताएका थिए|

**चुनाव एक चरण**

पश्चिम बंगालमा यस वर्ष हुने विधानसभा चुनावलाई लिएर एक चरणमा मतदान गराउने सिफारिश पछिका कारणहरु राज्यका मुख्य निर्वाचन अधिकारी (सीईओ) कार्यालयले स्पष्ट गरेको छ। सीईओ कार्यालयका सूत्र अनुसार, चाडै एक चरणमा चुनाव गराउने सिफारिश भारत निर्वाचन आयोग (ईसीआई) लाई पठाइने छ । तथापि, अंतिम फैसला नयाँ दिल्ली स्थित आयोगका शीर्ष नेतृत्वद्वारा नै लिनेछ।

सूत्रले बताए अनुसार सिफारिशमा पश्चिम बंगालमा स्वतंत्र अनि निष्पक्ष चुनाव सुनिश्चित गर्नका लागि एक चरणमा मतदान किन आवश्यक छ, सो बारेमा जोड दिइने छ| सूत्र अनुसार , यस सिफारिशको समर्थनमा मुख्य तर्क मुख्यमंत्री ममता बनर्जीद्वारा वर्ष 2021 को विधानसभा चुनाव अवधि गरिएको आलोचनालाई बनाइएको छ । त्यस समय, जब देश कोरोनाको दोस्रो लहरसित जुझिरहेको थियो, चुनाव आयोगले पश्चिम बंगालमा आठ चरणहरुमा मतदान गराउने निर्णय गरेको थियो। मुख्यमंत्रीले उक्त समय

तर्क गर्नुभएको थियो, यदि 234 विधानसभा सीट भएको तमिलनाडुमा एक चरणमा चुनाव संभव छ भने 294 सीट भएको पश्चिम बंगालमा आठ चरणहरुको आवश्यकता किन पर्यो?
सूत्रले यो पनि बताएको छ कि बिगतमा पश्चिम बंगालमा एक चरणमा चुनाव गराइएको उदाहरण छ अनि यसैको आधारमा यो सिफारिश तैयार गरिन्दै छ।

**विधानसभा चुनाव**

राज्यमा यस वर्ष हुने विधानसभा चुनावमा मतदाताहरुले ठूलो राहत पाउने छन्| चुनाव आयोगको ताजा निर्देश अनुसार, यस पल्ट बूथ लेवल अधिकारीहरुले स्वयं मतदाताहरुको घर पुगेर वोटर स्लिप वितरित गर्नेछन। यो फैसला पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी (सीईओ) कार्यालयको सिफारिशमा भारतिय निर्वाचन आयोगले लिएको हो। सीईओ कार्यालयसित सम्बन्धित एक अधिकारीले बताए अनुसार निर्वाचन प्रक्रियाको नियम अनुसार वोटर स्लिपको वितरण बीएलओको जिम्मेवारी हो, तर वर्ष 2011 पछि बंगालमा यो व्यवस्थाको लगभग अन्त्य भएको थियो। अब आयोग यो व्यवस्थालाई फेरि कडाईका साथ लागू गर्न तयार छ।
अधिकारी अनुसार, यो कदमले न केवल मतदाताहरुलाई सुविधा हुनेछ, तर वोटर स्लिप वितरण प्रणाली पनि अधिक पारदर्शी बन्नेछ। यदि कुनै मतदाताले वोटर स्लिप पाएन भने संबंधित बीएलओसित सिधा संपर्क गरी स्लिप प्राप्त गर्न सक्नेछ। यसै बीच, निर्वाचन आयोगले पश्चिम बंगालका मुख्य सचिव नंदिनी चक्रवर्तीलाई एक पल्ट फेरि पत्र पठाएर मतदाता सूचीको विशेष गहन पुनरीक्षण कार्यमा लागेका बीएलओ, बीएलओ पर्यवेक्षक, निर्वाचन पंजीकरण अधिकारी (ईआरओ) अनि सहायक निर्वाचन पंजीकरण अधिकारीहरुको लंबित भुक्तानी तुरंत जारी गर्न भनेको छ।

**दार्जिलिङ भाजपा**

भारतिय जनता पार्टी दार्जिलिङ जिल्ला कमिटीले आज दार्जिलिङको चौक बजारमा पार्टी कार्यालय स्थापना गरी सञ्चालनमा ल्याएको छ। पार्टी कार्यालय उद्घाटनपछि दार्जिलिङका सांसद राजु बिष्टले उपस्थित जनभेलालाई सम्बोधन गर्दै पार्टी कार्यालय खोल्नुको मुख्य उद्देश्य चिया बगान र क्षेत्रका आम जनतासँगको सम्पर्कलाई बढावा दिनु रहेको जनाएका छन्|

यस क्रममा संसद बिस्टले शहरको केन्द्रमा अवस्थित, कार्यलय जनताको लागि सजिलै पहुँचयोग्य छ, र पहाडको प्रगति र कल्याणका लागि भाजपाको अटल प्रतिबद्धता र निरन्तर प्रयासहरू प्रतिबिम्बित गर्ने बताउनु भयो।
उहाँले यो कार्यलयले दार्जिलिङ र दिल्ली बीच एक महत्वपूर्ण पुलको रूपमा काम गर्ने अनि क्षेत्रमा सकारात्मक परिवर्तन र रचनात्मक संलग्नताको केन्द्रको रूपमा उदय हुनेमा विश्वास जतौनु भयो| श्री विस्टले पार्टी कार्यालयले जनताले सामना गर्ने दैनिक समस्याहरूको प्रभावकारी समाधान खोज्न पनि महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा, यो कार्यालयले विभिन्न केन्द्रीय सरकारका योजनाहरूको फाइदा प्रत्येक नागरिकसम्म पुग्न सुनिश्चित गर्न भाजपा कार्यकर्ताहरूलाई बलियो जग प्रदान गर्ने बताउनुभयो।

**सुकेपोखरीमा विश्व शान्ति पूजा**

सुकेपोखरी बजार अन्तर्गत खड्की डाँडा, माने डाँडा, गुम्बा लाइन तथा हस्पिटल लाइनका स्थानीयवासीहरूको संयुक्त प्रयासमा गठन गरिएको शान्ति पूजा आयोजक समितिको पहलमा आजदेखि विश्व शान्ति पूजा तथा शान्ति होम सुरु गरिएको छ। सुकेपोखरी हस्पिटल लाइन परिसरमा आयोजित कार्यक्रममा बौद्ध धर्म गुरु लामा खेम्पोद्वारा सेटु, फुर्बा पूजा, विश्व शान्ति पूजा तथा दिवंगत स्थानीय गाउँवासीहरूको चिर आत्मा शान्तिको निम्ति होम (जिन्सा) सुरु गरिएको हो।

स्थानीय गाउँवासी तथा समाजका सदस्यहरूको सक्रिय सहभागितामा पूजा–अर्चना भइरहेको छ। आयोजक समितिको तर्फबाट लाक्पा शेर्पाले सञ्चार माध्यममार्फत सबै महानुभावहरूलाई उपस्थित भई कार्यक्रम सफल बनाउन सहयोग गरिदिन अनुरोध गरेका छन्|

**साहित्य सुनौ परिवार**

मिरिकको अग्रिम साहित्यिक संस्था साहित्य सुनौ परिवारको 120 औ मासिक साहित्यिक प्रकरण सम्पन्न भएको छ। आज संस्थाले मिरिक कृष्णनगरस्थित प्रेमचन्द्र स्मारक ग्रामीण पुस्तकालयको प्रेक्षागृहमा संस्थाका अध्यक्ष अमर दुङमालीको अध्यक्षता साथै सचिव वाई एन ढकालको संचालनमा हालै प्रकाशित सन्दुक पत्रिकामाथि व्यापक चर्चा गरियो साथै पत्रिकाको बजार व्यवस्थापनको पनि व्यवस्था मिलाइयो। यसका साथै हालको अवस्थामा संस्थाको आर्थिक स्थितिबारे पनि छलफल गरियो। यसका साथै हालै इबरा साहित्यिक पुरस्कार प्रापक साहित्य सुनौ परिवारका सहसचिव साथै साहित्यकार गणेश बराईलीलाई संस्थाको तर्फबाट खदा माला लगाई सम्वर्धना जनाइयो ।

## कालेबुङमा आध्यात्मिक विश्व शान्ति ज्ञान महायज्ञ

विश्व शान्ति ज्ञान महायज्ञ आयोजक समिति कालेबुङको तत्त्वधानमा कालेबुङका विभिन्न संघ संस्थाहरूको सहयोगमा आध्यात्मिक विश्व शान्ति ज्ञान महायज्ञ हुने भएको छ। अनुष्ठान आगामी २२ फरवरी देखि बोङ बस्तीमा सम्पन्न हुनेछ छ। यस अनुष्ठानमा कालेबुङमा जन्म ग्रहण गरेकी विभिन्न स्थानबाट आध्यात्मिक ज्ञान प्राप्त गरेकी देवी कीर्ति किशोरीजीद्वारा दिव्य राम कथा प्रवचन सँगै विभिन्न स्थानबाट विद्वानजनबाट विविध विषयमा प्रवचन हुने छ। यसै क्रममा कलश यात्रा भव्य रुपमा २२ फरवरीको दिन हुने पण्डित नविन अधिकारीले जानकारी गराएका छन्।

## सुनिल थापाको निधन

नेपाली अनि बॉलीवुड अभिनेता सुनील थापाको 68 वर्षको उमेरमा कार्डियक अरेस्टले निधन भएको छ। उहाँ भोजपुरी फिल्महरुमा पनि लोकप्रिय थिए। उहाँले प्रियंका चोपड़ासित फिल्म 'मैरी कॉम'मा अभिनय गर्नुभएको थियो। नेपाली दर्शकहरु माझ राते काइला नामले प्रसिद्ध अभिनेता सुनील थापाको निधनले नेपाली सिने जगतलाई शोकित बनाएको छ। उहाँको मृत्युमा सिनेकर्मीहरु तथा आम दर्शकहरुले शोक व्यक्त गरिरहेका छन।

## छब्बिसेमा शुरू भयो शनिबारे हाट

भारत नेपाल सीमा छब्बिसे शनिबारे सदभावना हट शुरू भएको छ। सदभावाना हाट बजार समितिको पहलमा शुरू गरिएको हाटको विधिवत उद्धघाटन पूजा अर्चनाको साथ भयो। भारत नेपाल सीमा छब्बिसेमा पर्यटन उद्योग धेरै विकसित बन्न थालेपछि यहाँ हाटको आवश्यकतालाई बोध गरेर हाट लगाइएको संचालन समितिका प्रकाश निरौलाले जानकारी गराउनु भयो।

उहाँले छब्बिसे संलग्न क्षेत्रका नयाँ व्यवसायीहरूलाई हाटमा ब्यावसाय गर्ने अवसर प्रदान गरिएको बताउनु भयो। हाटले बेरोजगार,कृषक,व्यापारी सबैलाई अवसरको सृजना गर्नेमा आशा गरिएको छ। हाटको पहिलो दिन पचासभन्दा अधिक विभिन्न पसलहरू राखिएको थियो।

****** ० ******